Panauti Journal
Volume 3, 2025
DOI: https://doi.org/10.3126/panauti.v3i01.84045 ISSN: 2990-7888 (Print) 2990-7896 (Online)

# भालेश्वरदेखि कश्यपेश्वरसम्म धार्मिक पर्यटनको नजरमा काभ्रेपलाञ्चोकका प्रमुख शिवलिङ्गहरू

परशुराम अधिकारी[१*] र माया अधिकारी[२*]

*१. सहायक प्राध्यापक, इन्द्रेश्वर क्याम्पस, पनौती*
*२. शिक्षक, काठमाडौं विश्वविद्यालय हाई स्कूल, पनौती*

## सार

काभ्रेपलाञ्चोक जिल्ला धार्मिक एवम् पौराणिक दृष्टिले पावन भूमि हो । यस आलेखमा काभ्रेपलाञ्चोक जिल्लामा रहेका स्कन्दपुराण वर्णित कश्यपेश्वरदेखि चण्डेश्वर,विकटेश्वर, धनेश्वर, इन्द्रेश्वर र भालेश्वरसम्मका प्रमुख ६ ओटा शिवलिङ्ग र शिवपीठको पौराणिक सन्दर्भ, वर्तमान अवस्थिति र धार्मिक पर्यटनको सम्भावनालाई केलाउने प्रयास गरिएको छ । यसका साथै उल्लिखित शिवपीठमा वर्षभरिमा लाग्ने प्रमुख मेला, पर्व, जात्रा उल्लेख गरी धार्मिक पर्यटनको पदमार्ग पहिचान गर्ने प्रयत्न गरिएको छ । यसका निमित्त गुणात्मक अध्ययन विधिलाई उपयोगमा ल्याइएको छ । यो लेख तयार पार्नका लागि आवश्यक तथ्याङ्कहरु प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका लागि स्थलगत अवलोकन तथा तत् तत् स्थानका अग्रजहरुसँग सोधपुछ र अन्तर्वार्ता लिइएको छ । द्वितीय स्रोतका रुपमा विभिन्न सन्दर्भपुस्तक, पत्रपत्रिका र डिजिटल सामग्रीको उपयोग गरिएको छ । सङ्कलित तथ्याङ्कहरुलाई विश्लेषण गर्दा काभ्रेपलाञ्चोक जिल्ला धार्मिक र पौराणिक दृष्टिले पावन शिवतीर्थको जिल्ला हो भन्न सकिन्छ । विदेशी पर्यटक र सनातनी हिन्दु धार्मिक पर्यटनको प्रचुर सम्भावना पनि भएकोले धार्मिक पदमार्ग पहिचान गर्नु आवश्यक देखिन्छ । शिवतीर्थ क्षेत्रका शैवमार्गी र अन्य स्थानीय नागरिकहरुलाई शिवधामको प्रचार प्रशार र संरक्षणमा उत्प्रेरित गर्न सके शिवतीर्थको महत्व बृद्धि भई धार्मिक पर्यटनमा टेवा पुग्ने देखिन्छ ।

***शब्दकुञ्जी:*** काभ्रेपलाञ्चोक, धार्मिक पर्यटन, शिवलिङ्ग,ऐतिहासिक र पौराणिक

| Manuscript Received | Final Revision | Accepted |
|---|---|---|
| 12 June, 2025 | 22 July, 2025 | 21 August, 2025 |

*P. Adhikari (parshu@kuhs.edu.np), M. Adhikari

© Authors; Published by Panauti Journal and peer-review under the responsibility of Indreshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १. विषय प्रवेश

हिन्दु धर्ममा शिवको स्थान अत्यन्त पवित्र मानिन्छ । त्रिमूर्ति (ब्रह्मा, विष्णु, महेश्वर) मध्ये संहारक र पुन निर्माणका देवता शिवको आराधना नेपालमा वैदिककालदेखि चलिआएको छ । उनी योगी, गृहस्थ र अघोरी जस्ता बहुरुपमा पुजिन्छन् । शिवलिङ्ग यिनै बहुरुपी शिवको निराकार प्रतीक हो जसले अनन्त शक्ति र चेतनाको संयोजनलाई जनाउँछ । शिवलिङ्गको दार्शनिक महत्व गहिरो छ । लिङ्ग (स्तम्भ) र योनि (आधार) को संयोजनले सृष्टि उत्पत्तिको सङ्केत गर्छ भने यसले निर्गुण ब्रह्माको अवधारणालाई प्रतिनिधित्व गर्दछ । शिवपुराण अनुसार शिवलिङ्गको पूजा साक्षात् शिवसेवा हो । नेपालमा शिवलिङ्गको अवस्थिति ऐतिहासिक र पौराणिक दुबै दृष्टिले महत्वपूर्ण छ । यहाँ ६४ शिवलिङ्गको पौराणिक संकल्पना प्रचलित छ जुन पूर्णताको प्रतीक (६४ कला, ६४ योगिनी) हो(ढकाल, २०७५) । वास्तविक सङ्ख्या प्रतीकात्मक भए पनि देशभर फैलिएका शिवधामहरुको सांस्कृतिक महत्व अपार छ । नेपालमा दुई मान्य ज्योतिर्लिङ्ग छन् । काठमाडौंको पशुपतिनाथ र खोटाङको हलेसी महादेव । गोकर्णेश्वरलाई अर्धज्योतिर्लिङ्गको रुपमा चिनिन्छ । सामान्य शिवलिङ्ग र ज्योतिर्लिङ्गबीच महत्वपूर्ण भिन्नता छन् । ज्योतिर्लिङ्ग स्वयम्भू हुन् जहाँ अनौठो शक्तिले शिव प्रकट भएको मानिन्छ । सम्पूर्ण भारतीय उपमहाद्वीपमा १२ ओटा मात्र ज्योतिर्लिङ्ग छन् जसलाई सम्पूर्ण हिन्दु समुदायले पवित्र मान्छन् (पौडेल, २०८०)। यिनको दर्शनले मोक्षको मार्ग प्रशस्त गर्छ भन्ने विश्वास छ । सामान्य लिङ्ग मानवनिर्मित वा प्राकृतिक हुन सक्छन् । यी असंख्य छन् र स्थानीय स्तरमा पूजित हुन्छन् । यिनको दर्शनले पुण्यलाभ हुन्छ भन्ने मान्यता प्रचलित छ ।

काभ्रेपलाञ्चोक जिल्ला नेपालको मध्यपहाडी क्षेत्रमा अवस्थित छ जसलाई हिमालयको काख र पवित्र नदीहरुको उद्‌गमस्थल मानिन्छ । यो क्षेत्र आध्यात्मिक दृष्टिले काठमाडौं गोसाइँकुण्ड यात्रामार्गको महत्पूर्ण कडी हो । यहाँका शिवलिङ्हरुले प्राकृतिक सुन्दरता, ऐतिहासिकता र धार्मिक एकताको अनौठो संगम प्रस्तुत गर्दछन् । भालेश्वरदेखि कश्यपेश्वरसम्म फैलिएका ६ ओटा प्रमुख शिवलिङ्गहरु काभ्रेका गौरव हुन् । विकटेश्वर (शिवपुरी ) प्राकृतिक गुफामा रहेको भयङ्कर रुपको प्रतीक हो । चारुमति शिव (चाँगुनारायण) पार्वतीको शान्त अवतारसँग सम्बन्धित छ । गौरीघाट शिव (भक्तपुर ) बागमतीको तटमा गौरीशिव युगल मूर्तिको रुपमा रहेको छ । गोकर्णेश्वर (गोकर्ण) अर्धज्योतिर्लिङ्ग मानिन्छ जहाँ राजा गोकर्णले तपस्या गरेको मानिन्छ । कश्यपेश्वर ( गुह्येश्वरी) ऋषि कश्यपद्वारा स्थापित पशुपतिको उपक्षेत्र हो । ढोकेश्वर महादेव ( दोलखा) हिमाली क्षेत्रमा रहेको गोरखनाथ साधनास्थल हो(ढकाल, २०७५) ।

काभ्रेपलाञ्चोकमा धार्मिक पर्यटनको विशाल सम्भावना छ । श्रावण महिनामा कावेरी तिलोतमा यात्रा गर्ने परम्परा र महाशिवरात्रीमा रातभर जागरण गर्ने चलनले हजारौं तीर्थयात्री आकर्षित गर्छन् । स्थानीय नेवार र तामाङ संस्कृतिको दर्शन तथा पर्वहरुमा देवनृत्य (छाली नाच ) जस्ता साँस्कृतिक अनुभवहरु पर्यटकलाई आकर्षित गर्न सक्छन् । यसले गाउँले होमस्टे, स्थानीय खाना (भटमास,सिस्नु) र हस्तशिल्प ( धातुको मूर्ति,पाथी ) जस्ता आर्थिक अवसरहरु सिर्जना गर्न सक्छ । भालेश्वरदेखि कश्यपेश्वरसम्मको यात्रालाई काभ्रे शिव सर्किट (परिक्रमा) को रुपमा विकास गर्न आवश्यक छ । यसका लागि बाटामार्ग जडान, धर्मशाला निर्माण, डिजिटल प्लेटफर्ममा भर्चुअल टुर र स्थानीय युवालाई गाइडको रुपमा प्रशिक्षण दिनु जरुरी छ । काभ्रेपलाञ्चोक जिल्लाका शिवलिङ्गहरु केवल पत्थरका टुक्रा होइनन् । यी हजारौं श्रद्धालुका आश्था, इतिहासका साक्षी र समुदायका गौरव हुन् । यी पवित्र स्थललहरुलाई धार्मिक पर्यटनको केन्द्रमा राखेर काभ्रेले आध्यात्मिक नेपालको नयाँ पहिचान बनाउन सक्छ । स्कन्दपुराण र नेपाल माहात्म्य जस्ता ग्रन्थहरुले यस क्षेत्रको महत्व प्रमाणित गर्दछन् । काभ्रे जिल्लामा पर्यटन विभागको २०८० सालको तथ्याङ्क अनुसार श्रावण महिनामा ५० हजारभन्दा बढी तीर्थयात्रीहरु आउने गरेका छन्(काभ्रेली गुञ्जन, २०८२) ।त्यसैले यस लेखमा

काभ्रेपलाञ्चोक जिल्लाभित्रका प्रमुख ६ शिवलिङ्गहरुको संक्षिप्त जानकारी गराउन खोजिएको छ । यसले स्थानीय एवम् तीर्थयात्रीहरुलाई मन्दिरको अवस्थिति र जनविश्वासको बारेमा विशेष जानकारी दिने छ ।

## २. अध्ययनको उद्देश्य

पौराणिक मान्यता अनुसार भालेश्वरदेखि कश्यपेश्वरसम्मका प्रमुख ६ ओटा शिवलिङ्गहरुको पौराणिक अवस्थिति र वर्तमान अवस्थिति पर्गेल्नु यस लेखको मुख्य उद्देश्य हो । यसका अतिरिक्त ती शिवतीर्थप्रतिको जनविश्वास र तत् स्थानमा लाग्ने विशेष पर्वमेलाका साथै धार्मिक पर्यटनको अवस्था उल्लेख गर्नु यस आलेखको अर्को उद्देश्य रहेको छ ।

## ३. अध्ययन विधि

यस लेखका लागि आवश्यक पर्ने सामग्रीको स्रोतका लागि गुणात्मक विधि उपयोग गरिएको छ । प्राथमिक स्रोतका रुपमा सम्बन्धित क्षेत्रको स्थलगत अवलोकन गर्नुका साथै मन्दिरसँग सरोकार राख्ने व्यक्तिहरुसँग औपचारिक, अनौपचारिक सोधपुछ र अन्तवार्ता लिइएको छ । त्यसैगरी द्वितीय स्रोतका रुपमा पुस्तकहरु, पत्रपत्रिका लगायतका सामग्रीहरु उपयोग गरिएको छ । यिनै उपलब्ध सामग्रीहरुका आधारमा लेखलाई वर्णनात्मक ढाँचामा विश्लेषण गरिनेछ ।

## ४. काभ्रेपलाञ्चोक जिल्लाभित्र पर्ने ६ प्रमुख शिवलिङ्गहरुको संक्षिप्त जानकारी

### ४.१. भालेश्वर

हिमवत्खण्ड प्रकरण ५ अध्याय ९९ मा निकुञ्ज पर्वतको गन्दर्भतीर्थमा भालेश्वर रहेको उल्लेख गरिएको छ । शास्त्रीय मान्यता अनुसार दक्षप्रजापतिले आयोजना गरेको यज्ञमा आफ्ना पति महादेवलाई नबोलाएपछि बाबुसँग रिसाएर सतीदेवीले यज्ञकुण्डमा प्रवेश गरी जलेर देह तयाग गरेकी थिइन् । आफ्नी आर्धाङ्गिनीको मृत्युबाट पीडाबोध गरी महादेव सतीदेवीलाई बोकेर पृथ्वी परिक्रमा गर्ने क्रममा निकुञ्ज पर्वतको शिखरमा पुगेका र त्यहाँ सतीदेवीको शरीरबाट निधार (संस्कृत भाषामा भाल) खसेपछि त्यस ठाउँमा लिङ्ग पैदा भएकोले उक्त स्थानको नाम भालेश्वर रहन गएको भन्ने जनविश्वास रहेको छ ।

भालेश्वरमा विरुपाक्षले आफूले गरेको पापबाट मुक्त हुन माघ कृष्ण नवमीका दिन रातभर जाग्राम बसेर गन्दर्भतीर्थमा स्नान गरी विधिपूर्वक शिवलिङ्गको पूजा गरेका थिए भन्ने गरिन्छ । यो गन्दर्भतीर्थ लीलावती, सुखस्रवा र रोशमती नदीको संगममा रहेको छ । यसै स्थानमा स्वर्गकी अप्सरा रम्भाको श्राप परेको सुमुख नाम गरेको गन्दर्भले गालव नामका ऋषिलाई भेटेर आफूले रम्भाप्रति गरेको व्यभिचारबाट मुक्त हुन के गर्नुपर्ला भन्ने जिज्ञासामा गालव ऋषिले निकुञ्ज पर्वतको थुम्काको शिरमा रहेको शिवलिङ्गमा शिवजी प्रकट नभएसम्म पूजा गऱ्यौ भने फल पाउने छौ भनी बताएको कुरा हिमवतखण्डमा उल्लेख भएको पाइन्छ । सोही मुताविक सुमुखले निरन्तर महादेवको उपासना गर्दा फागुन कृष्ण अष्टमीका दिन सो लिङ्गबाट शिवको उत्पत्ति भएको र सुमुखको तपस्याबाट खुसी भई वरदान दिएर सोही शिवलिङ्गमा अन्तर्धान हुनुभएको थियो भन्ने पौराणिक मान्यता रहेको पाइन्छ । यसै तथ्यबाट भालेश्वर शिवतीर्थको पौराणिक महत्व झल्किन्छ भने जसले गन्दर्भतीर्थमा स्नान गरी भालेश्वर लिङ्गको पूजा गर्छन् तिनको सम्पूर्ण कामना पूरा भई शिवलोकमा जान पाउने विश्वास गरिन्छ ।

गन्दर्भतीर्थ भालेश्वर काठमाडौंबाट ३५ कि.मि र पनौती बजारबाट साँढे २ किलोमिटरको दूरीमा दक्षिण पश्चिमपट्टि पर्दछ । पनौती नगरपालिका वडा नं १२ कलाँती भूमिडाँडको रोशी बजार नजिकै चिण्डुको पुछारमा भालेश्वर महादेव मन्दिर रहेको छ । मन्दिर छेवैको रोसमती, लिलावती र सुखस्रवा (पौराणिक नाम) हाल रोशी र विहावर नदीको संगममा गन्दर्भघाट रहेको छ । सुमुख नामको गन्दर्भले यसै स्थानमा स्नान गरेको हुनाले यसलाई गन्दर्भघाट पनि भन्ने गरेको पाइन्छ ।

भालेश्वर पावन शिवधाम हो । यहाँ शिव महादेवको पाइला परेको र स्वयम् महादेवको प्रादूर्भाव भएको स्थान भएकोले यो पवित्र शिवालय पनि हो । भालेश्वर महादेवको विराट धार्मिक र सांस्कृतिक महिमा छ । यस मन्दिरमा आई पूजा गरेपछि आफ्ना इच्छाहरु पूरा भएको कुरा भक्तजनहरु बताउँछन् । यहाँ विशेष गरी शिवरात्री, बालाचतुर्दशी, तीज, एकादशीमा दर्शनार्थ मानिसहरुको उल्लेख्य भीड लाग्ने गरेको छ । विवाह, व्रतवन्ध, रुद्री, श्राद्ध जस्ता धार्मिक कर्मका लागि पनि भक्तहरु पुग्ने गर्दछन् (अधिकारी र अधिकारी, २०२५)।

## ४.२ इन्द्रेश्वर

स्कन्दपुराणको हिमवतखण्डको अध्याय ९८ मा इन्द्रेश्वर शिवधामको चर्चा उल्लेख भएको पाइन्छ (लाकोजू, २०७८)। इन्द्रेश्वर कुञ्ज पर्वतको शचीतीर्थमा पर्दछ । इन्द्रेश्वर हाल पनौती बजारको पुछारमा रहेको छ । पनौती प्राचीन स्मारक क्षेत्र पनि हो । शास्त्रीय भनाइ अनुसार मिथिला क्षेत्रको ब्रह्मपुरी भन्ने ठाउँमा गौतम ऋषि र उनकी पत्नी अहल्या बसोवास गर्थे । इन्द्रले नारदमार्फत अहल्याको रुपसौन्दर्यको बयान सुनेका थिए । वगैंचामा फूल टिप्तै गरेका बखत रुपवती अहल्यालाई देखेर इन्द्र कामवासनाले ग्रस्त हुन्छन् । गौतम ऋषि स्नान गर्न गएका बेला ऋषिको भेषमा इन्द्रले अहल्याको सतीत्व लुट्छन् । यो दृश्य ऋषिले देखेर शरीरभरी हजार योनी बनून भन्ने श्राप दिन्छन् । इन्द्रको शरीरभरी योनी देखेर इन्द्राणी र अप्सराहरु लजाउँछन् र गिज्याउँछन् ।

आफ्नो पतिको त्यो दुर्दशा हटाउन इन्द्राणीले बृहस्पतिलाई अनुरोध गरेपछि बृहस्पतिले रुद्रावती र लीलावती नदीको संगममा स्नान गरेर शिवको उपासना गरे पाप नाश हुने उपाय बताई दिए । त्यसपछि इन्द्र र इन्द्राणी दुवैले महादेव र पार्वतीको ध्यान भक्ति गर्न थाले । दुवैको ध्यान भक्तिबाट प्रशन्न भएर भगवती पद्मावती प्रकट भइन् । त्यसको एक वर्षपछि असार पूर्णिमाको दिन इन्द्र ध्यानमग्न रहेको स्थलमा लिङ्ग उत्पत्ति भइ सोही लिङ्गबाट महादेव प्रकट भएर इन्द्रको पापमोचन गर्नुभयो भन्ने पौराणिक कथन रहेको पाइन्छ । यसरी इन्द्रेश्वर शिवलिङ्ग रुद्रावती, लिलावती र पद्मावती नदीको त्रिवेणी संगममा विराजमान भई इन्द्रेश्वर महादेवका रुपमा प्रशिद्ध छ(पनौती नगरपालिकाको कार्यालय, २०७९) ।तसर्थ आज पनि जुन पुरुषले इन्द्रेश्वर लिङ्गको भक्ति उपसना गर्छ र जुन नारीले इन्द्राणीको आराधना गर्छे त्यस्ता व्यक्ति सम्पूर्ण पापकर्मबाट मुक्त भएर शिवधाम जान पाउँछन् भन्ने जनभावना रहेको पाइन्छ ।

नेपालका प्राचीन मन्दिरहरु मध्ये इन्द्रेश्वर महादेव मन्दिर हाल पनौती नगरपालिका वडा नं ७ पनौती बजारको पुछारमा पुन्यमाता र रोशी खोलाको संगममा रहेको छ । इन्द्रेश्वर काठमाडौंबाट करिव ३२ कि.मि. को दुरीमा रहेको छ । यस मन्दिरमा र यस मन्दिरका नाउँमा विभिन्न जात्रापर्व हुने गर्दछन् । जेठ पूर्णिमामा महादेवको रथ जुधाउने जात्रा, माघ महिनामा साँखुबाट माधवनारायणको आगमन, भक्तपुरबाट नवदुर्गाको आगमन हुने गर्दछ र यस्ता पर्वमा भक्तालुहरुको व्यापक उपस्थिति हुने गर्दछ । यसका अतिरिक्त इन्द्रेश्वर शिवधाममा शिवरात्री, मकरमेला, बालाचतुर्दशी, तीज, जनै पूर्णिमा, सोमबार, श्रावण महिना र माघ महिनामा तिर्थालुहरुको घुइँचो लाग्ने गर्दछ । बिहान नित्य पूजा र साँझमा सन्ध्या आरति भव्य रुपमा हुने गर्दछ । विदेशी पर्यटकहरुको आकर्षणको केन्द्र समेत रहेको इन्द्रेश्वर हिन्दु धर्मावलम्वीहरुका लागि आश्थाको पावन शिवधाम हो ।

## ४.३ धनेश्वर

स्कन्द पुराण अन्तर्गत हिमवत खण्डको अध्याय ९६ मा धनेश्वर महादेवको माहात्म्य उल्लेख गरिएको पाइन्छ (ढकाल, २०७५)। पौराणिक मान्यता अनुसार धनेश्वर मन्दिर रौद्रागिरि पर्वतको उग्रतीर्थका रुपमा प्रसिद्ध छ । प्राचीन समयमा भृगु ऋषिले सय वर्षसम्म यस स्थानमा तपस्या गरेपछि धनेश्वर लिङ्ग प्रकट भएको हो भन्ने विश्वास रहेको छ । किंवदन्ती अनुसार शिवदास नाम गरेका व्यक्ति पूर्वजन्ममा कुनै दान नगरेका कारण गरिव भएकोले घुम्दै जानेक्रममा यस स्थानमा आएर १२ वर्षसम्म शिव आराधना गरेपछि लिङ्गबाट सगुण शिव उत्पत्ति भई वर माग्न भनेको र उसले प्रशस्त धनदौलतसहित लिङ्ग धनेश्वरका नामले प्रख्यात होस् भनेर मागेपछि भोलेनाथ शङ्करले तथास्तु भनी अन्तर्धान हुनु भएको भन्ने पौराणिक मान्यता रहेको पाइन्छ ।

सतीदेवीलाई बोकेर पृथ्वी परिक्रमा गर्न निस्केका श्री महादेव यस ठाउँमा आइपुग्दा सतीदेवीको कान पतन भएपछि यस शीवपिठको उत्पत्ति भएको भन्ने जनविश्वास पनि रहेको पाइन्छ ।आज पनि चौसठ्ठी गणलाई साथमा लिएर भक्तहरुलाई धन ऐश्वर्य दिने धनेश्वर शिवधाममा जो व्यक्तिले महादेवको पूजाउपासना गर्छन् तिनीहरु धनधान्यले पूर्ण हुन्छन् र पापकर्मबाट मुक्त भई शिवलोक प्राप्त गर्दछन् भन्ने आमधारणा रहेको छ ।

धनेश्वर महादेव मन्दिर हाल पनौती नगरपालिका वडा नं ५ मा पर्दछ । काठमाडौंबाट २७ किलोमिटरको दुरीमा रहेको यो मन्दिर अरनिको राजमार्ग बनेपा चारदोबाटो चोकबाट दक्षिणतर्फ १२ सय मिटरको दुरीमा अवस्थित छ । पञ्चमुखी शिवलिङ्ग धनेश्वरको मुख्य विशेषता हो ।

हिजोआज विशेषगरी शिवरात्री, तीज, श्रावण महिना, माघ महिना, सोमवार, धान्यपूर्णिमा, बालाचतुर्दशी जस्ता पर्वमा देशका विभिन्न स्थानदेखि भक्तजनहरु धनेश्वरको शिवउपासना गर्न आउछन् भने ती अवसरमा निकै ठूलो भीडभाड देख्न पाइन्छ ।

## ४.४ चण्डेश्वर

स्कन्द पुराण अन्तर्गत हिमवतखण्डको अध्याय ९५ मा चण्डेश्वर शिवलिङ्को चर्चा गरिएको पाइन्छ । पुराण अनुसार स्कन्दगिरि पर्वतको उग्रतीर्थमा चण्डेश्वर शिवलिङ्ग रहेको छ । सबै प्राणीमा दयाको भाव राख्ने सत्यवादी च्यवन ऋषिले योगको सिद्धान्त अनुसार योगासनमा बसी आफ्नो शरीरमा शिवको आह्वान सहितको ध्यान गर्दा चण्डेश्वर शिवलिङ्ग उत्पत्ति भएको थियो भन्ने जनविश्वास रहेको छ । पौराणिक मत अनुसार सोही लिङ्गबाट सगुण महादेव उत्पत्ति भई च्यवनलाई मुक्त हुने वरदान दिएर उसै लिङ्गमा अन्तर्धान हुनुभयो । यो कुरा दानव अन्धक पुत्र चण्डले शुक्राचार्यमार्फत थाहा पायो । यसै तीर्थमा असुर चण्डले विधिपूर्वक उग्र तपस्या गरेको थियो भन्ने गरिन्छ । चण्डासुरको तपस्याबाट खुसी भई महादेव सोही लिङ्गबाट सगुण उत्पत्ति भएर चण्डसुरलाई वरदान माग्न भनेपछि चण्डासुरले देवता र राक्षस कसैले पनि मलाई मार्न नसकून र मेरो नामबाट हजुरको नाम चण्डेश्वर रहोस् भनेर बरदान मागेपछि महादेव चण्डासुरलाई वरदान दिएर सोही लिङ्मा अन्तर्धान हुनुभएको पौराणिक तथ्य पाइन्छ ।

महादेवको वरदानको शक्तिले उन्मत्त चण्डासुर स्वर्ग, आकाश, पाताल चारैतिर गई युद्ध गर्छ । सबैलाई जित्दै जान्छ । अन्तमा लड्ने कोही नभए पछि महादेवसँग लड्न पाऊँ भनी प्रार्थना गर्छ । महादेव र चण्डासुरको घनघोर युद्ध हुँदा पनि चण्डसुर मर्दैन सोही बेला महादेव अलप हुन्छन् र एउटा (छिद्र) प्वालबाट चण्डीकादेवी बाहिर निस्केर तरवारले चण्डासुरको घाँटी काटी टाउको हातमा लिएपछि देवताहरु खुसी हुन्छन् र चण्डीकादेवी सोही छिद्रबाट विलिन भएको प्रसङ्ग हिमवतखण्डमा पाइन्छ । चण्डासुर मार्ने चण्डिकादेवीलाई हिजोआज चण्डेश्वरीका नामले चिनिन्छ । हाल बनेपाको चण्डेश्वरी परिसरमा चण्डेश्वर महादेव र चण्डेश्वरी

मन्दिर आमनेसामने रहेका छन् । यसरी शक्तिको दुरुपयोग गर्ने असुर स्वभावका मानिसलाई चण्डेश्वर महादेव र चण्डेश्वरी माईले सधैं दण्डित गर्छन् र शक्तिको दुरुपयोग गर्नेहरु पनि छिटै नासिन्छन् भन्ने जनविश्वास आज पनि जीवन्त बनेर रहेको छ ।हाल चण्डेश्वर महादेव मन्दिर बनेपा नगरपालिका वडा नं ५ घोगेचौरमा अवस्थित छ । अरनिको राजमार्ग बनेपा चारदोबाटोबाट करिव १ कि.मि उत्तरपूर्वको दुरीमा रहेको यो शिवधाम काठमाडौंदेखि करिव २७ कि.मि पूर्वमा पर्दछ । चण्डेश्वर महादेव मन्दिर चण्डेश्वरी मन्दिरकै परिसरमा रहेको छ । यहाँ हरेक दिन बिहान प्रभाती यात्रामा जाने मानिसहरुको भीड देख्न पाइन्छ । बुद्धजयन्ती, शिवरात्री, तीज, बालाचतुर्दशीमा यहाँ विशेष जात्रा मेला लाग्ने गर्दछ । चण्डेश्वर र चण्डेश्वरीको मन्दिर सँगै रहेकाले यहाँ सधैं भक्तजनको घुइँचो भई नै रहन्छ । विशेष गरी नवरात्रीमा टाढाटाढाबाट दर्शनार्थीहरु आफ्नो भाकल पूरा गर्न यहाँ आउने गर्दछन् ।

**४.५ विकटेश्वर**

स्कन्द पुराणभित्र हिमवतखण्डको अध्याय ९७ मा विकटेश्वर शिवतीर्थको महिमा भेटिन्छ । पुराण अनुसार विकटेश्वर द्रोणाचल पर्वतमा पर्दछ भने पुष्पतीर्थका नामले प्रसिद्ध छ । प्राचीन  कालमा विकट नामको अनार्य (अधर्मी) ले पशुचौपायाको शिकार गर्दा पश्चातापमा परी यस स्थानमा आएर तपस्या गर्दा लिङ्ग उत्पत्ति भएको र सोही लिङ्गबाट शिव महादेव उत्पत्ति भई प्रत्यक्ष दर्शन दिनु भएको भन्ने पौराणिक विश्वास रहेको छ । भगवान् शिवले उक्त व्याधाको तपस्याबाट सन्तुष्ट भई यो स्थान अव उप्रान्त तिम्रो नामबाट प्रसिद्ध हुने छ भन्ने वर दिएका कारण आजसम्म पनि यो ठाउँ विकटेश्वर शिव तीर्थका नामबाट प्रख्यात छ । पछि विकटलाई देवताहरुले सेबा गरेकाले विकटेश्वर भएको भन्ने मान्यता पनि छ । आज पनि शिकार गर्दा लागेका पापबाट छुटकारा पाउन मानिसहरु यस स्थानमा आई शिवउपासना गर्छन् भन्ने अग्रजहरुको भनाइ रहेको छ ।

विकटेश्वर महादेव मन्दिर हाल बनेपा नगरपालिका वडा नं १३ भैंसेपाटीको रुद्रावती नदी किनारमा रहेको छ । काठमाडौंदेखि साँढे २२ कि.मि को दुरीमा पर्ने यो तीर्थ अरनिको राजमार्गबाड ८० मिटरको दुरीमा रहेको छ ।

यस पावन शिवधाममा शिवउपासना गरेमा मनोकांक्षा पूरा हुनाका साथै जीवनमा आउने संकट तथा विकट हरण भई पाप नष्ट हुने जनविश्वास रहेको छ । यस तीर्थको दर्शन गर्दा खासगरी पशुपक्षीवध र हिंसाबाट हुने पापबाट मोक्ष पाउन सकिन्छ भन्ने विचार अग्रजहरुको रहेको छ ।विशेष गरी एकादशी, शिवरात्री, सोमवार, स्वस्थानी पूर्णिमा, बालाचतुर्दशीमा यहाँ विशेष मेला लाग्ने गर्दछ । यस तीर्थको परिसरमा हरि र हरको उपस्थिति हुनु यस तीर्थको अर्को विशेषता हो । रुद्रावती नदीको वारिपारि हरि र हरको वास रहेकोले हिजोआज यस ठाउँलाई हरिहर धाम पनि भन्ने गरिन्छ ।

**४.६ कश्यपेश्वर**

स्कन्द पुराणका विभिन्न खण्डहरुमध्ये हिमवतखण्डको प्रकरण ५ अध्याय ९३ मा कश्यपेश्वर शिवलिङ्गको माहात्म्य उल्लेख गरिएको पाइन्छ । पौराणिक वचन अनुसार कश्यपेश्वर ककुदाद्रि पर्वतमा कश्यपतीर्थका नामले प्रसिद्ध छ (पौडेल, २०८०) । यस ठाउँमा कश्यप नाम गरेका ब्राह्मणले जीवन र जगतको सृष्टि गर्ने उद्देश्यले शिवको आराधना गर्दा शिवलिङ्ग प्रादुर्भाव भएको र सोही शिवलिङ्गबाट महादेव उत्पत्ति भएर कश्यपलाई वर प्रदान गर्नुभएको भन्ने जनविश्वास रहेको पाइन्छ ।

प्राचीन कालमा म्लेच्छ (अधर्मी, अनार्य जाति ) ले धर्म र अधर्मको चेष्टा नै नराखी जथाभावी भक्षण गर्ने, मनलाग्दी गर्दै हिंड्ने र पशु क्रीडमा समेत लिप्त हुँदा नपुँशक बनेपछि यस तीर्थमा आई लिङ्ग दर्शन गरे पश्चात ज्ञानी भएको किंवदन्ती पाइन्छ।

धर्म र अधर्मको विवेक नराखी काम गर्दा नपुँशक भएको उक्त व्यक्तिले पुरुष शक्तिको कामना गरेर शिव उपासना गरेका कारण पुरुषमा बदलिएको भन्ने बुढापाकाहरुको भनाइ रहेको पाइन्छ। आज पनि आफ्नो धर्म र कर्म भुलेर विचार र कर्ममा नपुंशक भएका जो व्यक्तिले नारी वा पुरुष रुपको कल्पना गरी भक्तिपूर्वक कश्यपतीर्थमा दर्शन र स्नान गर्छन् तिनीहरुले पुरुष वा नारी शक्ति र रुप प्राप्त गर्दछन् भन्ने जनविश्वास रहेको छ।

काठमाडौंदेखि उत्तरपूर्वमा करिव ५५ किलोमिटरको दूरीमा हालको मण्डनदेउपुर नगरपालिका पर्दछ। कश्यपेश्वर शिवतीर्थ काभ्रेपलाञ्चोक जिल्लाको सबैभन्दा कान्छो मण्डनदेउपुर नगरपालिका वडा नं ९ महादेववेंसीमा पर्दछ। अरनिको राजमार्गको जिरो किलो भन्ने ठाउँबाट लगभग ७ किलोमिटरको दूरीमा कश्यपेश्वर शिवमन्दिर अवस्थित छ। यस मन्दिरमा विशेषगरी चण्डीपूर्णिमा, बालाचतुर्दशी, तीजमा विशेष मेला लाग्छ भने शिवरात्री, श्रावण, माघ महिनामा भक्तजनको उल्लेख्य उपस्थिति रहने गरेको देखिन्छ।

## ५. तीर्थयात्रीका लागि महत्वपूर्ण जानकारी

| मन्दिरको नाम | काठमाडौंदेखिको दुरी | सडकपहुँच | विशेष पर्व |
|---|---|---|---|
| भालेश्वर | ३४ कि.मि | पक्की सडकमार्ग | शिवरात्रि,बालाचतुर्दशी, तीज, साउने सोमबार |
| इन्द्रेश्वर | ३२ कि.मि | पक्की सडकमार्ग | शिवरात्रि, जनै पूर्णिमा,मकर मेला बालाचतुर्दशी,तीज,जेठको जात्रा ( ज्याः पुन्ही ) |
| धनेश्वर | २७ कि.मि | पक्की सडकमार्ग | शिवरात्रि, धान्य पूर्णिमा बालाचतुर्दशी,तीज |
| विकटेश्वर | २२.५ कि.मि | पक्की सडकमार्ग | शिवरात्रि, बालाचतुर्दशी, तीज, सोमबार |
| चण्डेश्वर | २७ कि.मि | पक्की सडकमार्ग | शिवरात्रि, बुद्ध जयन्ति बालाचतुर्दशी,तीज |
| कश्यपेश्वर | ५५ कि.मि | पक्की सडकमार्ग | शिवरात्रि, चण्डि पूर्णिमा बालाचतुर्दशी,तीज |

(पनौती नगरपालिकाको कार्यालय, २०८०/०८१)

## ६. धार्मिक पर्यटनको सम्भावना र स्थानीयको बुझाइ

भोलेनाथ शङ्करले सतीदेवीलाई बोकेर यहाँका विभिन्न शिवधाममा पुगेको प्रसङ्ग अनि विरुपाक्षले नेमुनिसँग भालेश्वरदेखि कश्यपेश्वरसम्म तीर्थ गरेको (धार्मिक पर्यटन) प्रसङ्गले धार्मिक पर्यटन पौराणिक कालदेखि लौकिक कालसम्मनै चलिरहेको देखिन्छ ।

स्थानीय सरकारले आआफ्नो क्षेत्रका शिवधामहरुलाई प्रचार प्रसार गरी धार्मिक पर्यटनको प्रवर्द्धन गर्न सक्छन् । तीर्थालुहरुलाई यी ६ ओटा शिवलिङ्को एकैदिन धार्मिक परिक्रमा गराउन सकिन्छ । सामूहिक, संस्थागत र व्यक्तिगत रुपमा पनि आन्तरिक पर्यटन गर्न र गराउन सकिन्छ । पौराणिक महत्व बोकेका यस्ता पावनधामहरुको संरक्षण, प्रचार, संवर्द्धनमा हरेक शैवमार्गीहरु लाग्नु पर्छ भन्ने विचार स्थानीयहरुको रहेको पाइन्छ । धार्मिक पर्यटनलाई बढाउन सकियो भने स्थानीय नागरिकहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सकिने धारणा स्थानीय बासिन्दाहरुको रहेको छ । स्थानीय उत्पादन,कला संस्कृति, व्यापार प्रवर्द्धनका लागि पनि धार्मिक पर्यटन कोसेढुङ्गा हुन सक्ने बुझाइ स्थानीयहरुको छ । यी क्षेत्रका स्थानीय निकायहरुले आपसी समन्वय गरी यी क्षेत्रमा लाग्ने विशेष जात्रापर्वहरुमा आफ्ना जेष्ठ नागरिकहरुलाई एक दिवसीय तीर्थयात्रा गराउने परम्परा सुरुवात मात्र  गर्ने हो भने पनि यी शिवधामको गरिमा बढ्ने छ र धार्मिक पर्यटनमा नयाँ आयाम थपिने छ भन्ने बुझाइ स्थानीयबासीहरुको रहेको छ ।

## ७. निष्कर्ष

धार्मिक दृष्टिले काभ्रेपलाञ्चोक जिल्ला विभिन्न शिवतीर्थ भएको जिल्ला हो । पुराण वर्णित ६४ शिवलिङ्गहरु मध्ये प्रमुख ६ ओटा शिवलिङ्ग काभ्रेमा हुनुले यसको पुष्टि गर्दछ । गन्दर्भतीर्थदेखि शचीतीर्थ, उग्रतीर्थ, पुष्पतीर्थ हुँदै कश्यपतीर्थसम्म धार्मिक पदमार्ग पहिचान र संयोजन गरी स्वदेशी तथा विदेशी तीर्थयात्रीहरुलाई धार्मिक भ्रमण गराउन सके धर्म पनि बाँच्छ र पर्यटन पनि प्रवर्द्धन हुन्छ । हिन्दुहरु शिव र शक्तिका उपासक हुन् । स्थानीय मठमन्दिरको जगेर्ना गर्न, मानिसमा धार्मिक आश्था र चेतान जागृत गराउन यस्ता पौराणिक महत्व बोकेका धामहरुको प्रचारप्रसार गर्नु आवश्यक छ ।

अतः धार्मिक आश्था बोकेर तीर्थ गर्न रुचाउने भक्तजनलाई यी ६ ओटा शिवधामको एक दिवशीय परिक्रमा गराउने हो भने मात्र पनि धार्मिक पर्यटनमा टेवा पुग्न सक्छ ।

पनौती नगरपालिकाको भालेश्वर, इन्द्रेश्वर, धनेश्वर अनि बनेपा नगरपालिकाको विकटेश्वर, चण्डेश्वर तथा मण्डनदेउपुर नगरपालिकाको कश्यपेश्वर शिवधाममा धान्यपूर्णिमा, चण्डी पूर्णिमा, जेठ पूर्णिमा, जनै पूर्णिमा, तीज, शिवरात्री, नवरात्री जस्ता पर्वमा हजारौं धार्मिक पर्यटक पुग्ने गरेका छन् । यसलाई अझ विस्तार गर्न विभिन्न सामाजिक संघसंस्थाहरुले विभिन्न उमेरसमूहका यात्रीहरुलाई भालेश्वरदेखि कश्यपेश्वरसम्मको एकदिवसीय शिवतीर्थ धामयात्रा गराउने जस्ता कार्यक्रम तय गर्नु आवश्यक देखिन्छ । सनातनी हिन्दुहरुका लागि तीर्थ जानु भनेको पुण्य कमाउनु हो भन्ने बुझाइ छ । तीर्थाटनबाट धर्म र मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने आम बुझाइ आज पनि जीवित छ । स्थानीय सरकारको समन्वयमा भालेश्वरदेखि कश्यपेश्वरसम्मको शिवतीर्थ यात्राको प्रबन्ध मिलाउने हो भने धार्मिक पर्यटन फस्टाउन सक्छ ।

## सन्दर्भ सामग्री

१)	ढकाल, वेणीमाधव (२०७५) हिमवत्खण्ड, विद्यार्थी पुस्तक भण्डार

२) पनौती नगरपालिकाको कार्यालय (२०७९), हाम्रो पनौती, (स्थानीय पाठ्यक्रम कक्षा ८) पनौती नगरपालिका प्रकाशन

३) अधिकारी, परशुराम, अधिकारी, माया ( २०२५) पनौती भालेश्वर महादेव मन्दिर : एक अध्ययन एवं विश्लेषण, पुण्यवती जर्नल, भोलुम-१ (७९-८८)

४) पनौती नगरपालिकाको कार्यलय ( २०८०/०८१),संस्कृति तथा पर्यटन, वार्षिक बजेटनीति तथा कार्यक्रम आ.व. २०८०/८१ (पृष्ठ ३-४)

५) लाकोजू, सूर्यप्रसाद ( २०७८) पनौती, पनौती नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,प्रकाशन

६) पौडेल, दीपकप्रसाद,( २०८० असार २०), मिलिजुली खबर

७) काभ्रेली गुञ्जन (२०८२ ) काभ्रे सेवा समाज , प्रकाशन

८) क्षेत्री, गणेश, रायमाभ्ती, रामचन्द्र, (२०६१) पर्यटन : विकास र व्यवस्थापन, एशिया पब्लिकेसन्स्


~O~